मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

वागमति प्रदेश, नेपाल

फोन.न: ०४८-५४०११२
०४८-५४०५९८

प.सं ०७८/०७९
च.नं ३७८९

मिति-२०७९/०२/१६

श्री सबै वडा कार्यालयहरु / सबै स्वास्थ्य संस्थाहरु,
मन्थली, रामेछाप ।

**विषयः कोभिड-१९ विरुद्धको खोप अभियान संचालन सम्बन्धमा।**

प्रस्तुत विषयमा यस नगरपालिकाका १८ वर्ष माथिका उमेर समूहका यस भन्दा अगाडि कोभिड-१९ विरुद्धको पहिलो मात्रा अष्ट्राजेनिका / कोभिसिल्ड / भेरोसेल खोप लगाइ ८ हप्ता अवधि पुगेका दोस्रो मात्रा खोप लगाउन बाँकी रहेका व्यक्तिहरुका लागि दोस्रो मात्रा, अष्ट्राजेनिका / कोभिसिल्ड / भेरोसेल खोप दोस्रो मात्रा लगाई ३ महिना अवधि पुगेका र ज्यान्सेन (J and J) खोप लगाई ३ महिना अवधि पुगेका व्यक्तिहरुलाई बुस्टर डोज खोप र हालसम्म कुनै पनि खोप नलगाएका १८ वर्ष माथिका व्यक्तिहरुलाई अष्ट्राजेनिका / कोभिसिल्ड / भेरोसेल पहिलो मात्रा खोप तथा हालसम्म कुनै पनि खोप नलगाएका १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थी तथा अन्य व्यक्तिहरुलाई मोडर्ना खोप पहिलो मात्रा र पहिलो मात्रा मोडर्ना खोप लगाई ४ हप्ता अवधि पुगेका र दोस्रो मात्रा खोप लगाउन बाँकी व्यक्तिहरुलाई दोस्रो मात्रा मोडर्ना खोप देहायको मिति र स्थानमा लगाइने भएको हुँदा सोहि अनुसार सम्बन्धित सबैलाई जानकारी गराइ स्वास्थ्य मापदण्डहरुको पूर्ण रुपमा पालना गरि खोप लगाउने व्यवस्था मिलाइदिनुहुन अनुरोध छ ।

**खोप अभियानको तालिका तथा उमेर समूह**

| सि. नं | खोप केन्द्र / स्थान | पालिका | खोप संचालन मिति | लक्षित वर्गहरु |
|---|---|---|---|---|
| | | | | **पहिलो मात्रा / दोस्रो मात्रा / बुस्टर मात्रा** |
| १. | मन्थली नगरपालिका अन्तर्गतका १ देखि १४ नं वडाका सबै अस्पताल / प्रा.स्वा.के / स्वा.चौ / आ.स्वा.के. | मन्थली नगरपालिका | २०७९ जेष्ठ १८ र १९ गते | **पहिलो मात्रा**<br>- १२ वर्ष उमेर समूह भन्दा माथिका कुनै पनि खोप नलगाएका सबै व्यक्तिहरु<br>**दोस्रो मात्रा**<br>- पहिलो मात्रा खोप लगाइ दोस्रो मात्रा खोप लगाउन बाँकी रहेका र दोस्रो मात्रा खोप लगाउन अवधि पुगेका १२ वर्ष माथिका सबै व्यक्तिहरु<br>**बुस्टर मात्रा**<br>- अष्ट्राजेनिका/कोभिसिल्ड / भेरोसेल<br>- दोस्रो मात्रा र ज्यान्सेन (J and J) खोप लगाएको ३ महिना अवधि पुगेका सबै व्यक्तिहरु |

**नोटः पहिलो मात्रा खोप लगाउन आउने लक्षित समूहले www.vaccine.mohp.gov.np मा गई स्वेच्छिक फारम भरि सो को अभिलेख र दोस्रो मात्रा / बुस्टर मात्रा खोप लगाउन आउने व्यक्तिले खोप कार्ड अनिवार्य लिई आउनुहुन अनुरोध छ।**

**केशवराज फुयाल**
**स्वास्थ्य शाखा प्रमुख**

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास,समृद्धि र सुशासन"

**Url:** manthalimun.gov.np **Email:** ito.manthalimun@gmail.com